# विगु गाउँपालिका कृषि शाखा गत समिक्षा कार्यक्रम

आ व २०८२०८३

प्रस्तुतकर्ता

दिलमाया शाह

कृषि शाखा

# कृषि सेवा शाखा विगु गाउँपालिका आ व २०८२/०८३

- **पृष्ठभुमि**
- विगु गाउँपालिकाको बार्षिक स्वीकृत तीति तथा कार्यक्रम र बजेट अनुसार कृषि पेशालाई व्यावसायिक प्रतिस्पर्धि तथा दिगो बनाउन बिभन्न अनुदानमुखी कार्यक्रमहरु सञ्चालन गरिएका छन् । यि कार्यक्रमहरुको उद्देश्य कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि किसानको आयआर्जनमा सुधार रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउनु रहेको छ ।

# उद्देश्य

- कृषि व्यवसायको आधुनिकीकरण तथा व्यावसायीकरण गर्ने ।
- किसानको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- कृषि पेशालाई सम्मानित आकर्षक र दिगो व्यवसायका रुपमा विकास गर्ने।
- कृषि जन्य उत्पादनमार्फत किसानको आय वृद्धि गर्ने ।
- लक्षित वर्ग लाई प्रभावकारी रुपमा अनुदान उपलब्ध गराउने ।
- फलफूल तरकारी नगदेबाली तथा अन्य उच्च मूल्यका बालीको उत्पादन विस्तार गर्ने ।
- खाद्दय तथा पोषण सुरक्षामा टेवा पुप्याउने ।
- स्थानिय स्रोत साधन र प्रविधिको अधिकतम उपयोग गर्दे आत्मनिर्भर कृषि प्रणालिको विकास गर्ने ।

# समिक्षा अवधि

- आर्थिक वर्ष २०८२/०८३ को समिक्षा अवधिसम्म कृषि सेवा शाखाबाट स्वीकृत १३ वटा कार्यक्रम कार्यान्वयन गरिएकोमा १२ सम्पन्न भएका छन् भने १ वटा कार्य नभएको। सम्पन्न गरियका प्रमुख कार्यक्रमहरु निम्नानुसार छन् ।

| क्र स | कार्यक्रमको नाम | स्रोत | विनियोजित बजेटरु | खर्च रकम | लाभाम्वित संख्या | प्रगती | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आलु विउ उत्पादन कार्यक्रम वडा नं २ दिप्लुक डाँडा | राजस्व बाँडफाड संघीय सरकार नगद | ३००००० | ३००००० | १ घरधुरी | सम्पन्न | आलु खेति |
| २ | फलफूल विरुवा वितरण कार्यक्रम पोलो व्याग नर्सरी मल कार्यक्रम | राजस्व बाँडफाड संघीय सरकार नगद | ५००००० | ४२३०८५ | ७४ घरधुरी भन्दा धेरै किसान | सम्पन्न | कृषकहरुलाई वितरण |
| ३ | पालिकाभरी किवि थाक्रा व्यवस्थापन कार्यक्रम | राजस्व बाँडफाड संघीय सरकार नगद | २९००००० | २५९१८४५ | २६ घरधुरी | सम्पन्न | कृषकहरुलाई वितरण |
| ४ | टयाक्टर खरिद तथा वितरण कार्यक्रम | राजस्व बाँडफाड संघीय सरकार नगद | १६००००० | १५७१४०० | २८ घरधुरी | सम्पन्न | कृषकलाई छनोटका आधारमा वितरण |
| ५ | अगुवा किसान कृषि सहायता कार्यक्रम | राजस्व बाँडफाड प्रदेश सरकार नगद | २००००० | २००००० | २० जना कृषिक | सम्पन्न | अगुवा किसानलाई सम्मानजनक पुरस्कृत |
| ६ | अलैची खेती (उद्यमशीलता कार्यक्रम निरन्तरता ) | राजस्व बाँडफाँड-प्रदेश सरकार-नगद | ५००००० | ३३०३४४ | १६० घरधुरी | सम्पन्न | २० हजार अलैचिको बिरुवा वितरण कार्य |
| ७ | अकबरे खूर्सानी खेती (महिला सिप एवम् आई आर्जन कार्यक्रम) | राजस्व बाँडफाड संघीय सरकार नगद | ५००००० | ५००००० | ९ घरधुरी | सम्पन्न | अकवरे खुर्सानी तगायत अन्नय सामाग्री खरिख |
| ८ | लागाङ लुलीखेत तरकारी खेती कार्यक्रम | राजस्व बाँडफाड प्रदेश सरकार नगद | १०००००० | १०००००० | ९ घरधुरी | सम्पन्न | ९ वटा टनेल निमार्ण |
| ९ | आलु विउ उत्पादन कार्यक्रम | नेपाल सरकार शसर्त अनुदान चालु | ९००००० | २९२१७० | १८ घरधुरी | सम्पन्न | क्रेट जुट वोरा गिरिन जालि वितरण |
| १० | किसान सुचिकरण कार्यक्रम | नेपाल सरकार शसर्त अनुदान | २९८००० | ३८००० | ११ जना | सम्पन्न | प्रविधिकहरुलाई तालिम प्रशिक्षक सहित |
| ११ | आ.व २०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता | नेपाल सरकार शसर्त अनुदान | ६००००० | ४००००० | १५ घर धुरी | सम्पन्न | सुन्तलाको बिरुवा हाते टयाक्टर वितरण कार्य |
| | | | | | | | |
| १२ | कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | नेपाल सरकार शसर्त अनुदान | ३०००० | ० | ० | कार्य नभएको | |

# कार्यक्रम कार्यन्वयनको अवस्था

- कार्यक्रम सञ्चालनका लागि कार्यविधि अनुसार भएको स्थलगत अनुगमन सम्झौता सम्पुर्ण प्रक्रिया पुरा गरिएको छ ।अधिकाम्स कार्यक्रमहरु निर्धारित समयभित्र सम्पन्न भएका छन् भने केही कार्यक्रम अन्तिम चरणमा सम्पन्न भएका छन् ।

## प्रमुख उपलब्धि

- स्वीकृत अधिकांश कार्यक्रम सफलतापूर्वक सम्पन्न भएका छन् ।
- लक्षीत किसान तथा समूहहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।
- फलफूल तथा कृषि बिरुवा विरतणबाट खेती विस्तारमा योगदान पुगेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने आधार तयार भएको छ ।
- कृषि क्षेत्रप्रति किसानहरुको सहभागिता र आकर्षण बढेको छ ।
- कार्यक्रमको प्रभावकारी अनुगमन तथा मुल्याङ्कन सम्पन्न भएको छ ।
- स्थानिय उत्पादनको प्रवर्द्धन तथा बजारिकरणनमा सकरात्मक सुधार आएको छ ।

# वित्तिय प्रगति

- स्वीकृत बजेट अनुसार कार्यक्रम सञ्चालन गरिएको छ । सम्पन्न कार्यक्रमहरुको भुक्तानी तथा अनुदान वितरण प्रचलित कानुन र कार्यविधि अनुसार गरिएको छ ।
- विनियोजित बजेटको अधिकांश रकम लक्ष्य अनुसार खर्च गरिएको छ ।
- खर्च तथा भुक्तानि प्रक्रिया पारदर्शी मितव्य र उत्तरदायी रुपमा सम्पन्न गरिएको छ ।

# समस्या तथा चुनौती

- दुर्गम भौगलिक अवस्थाका कारण अनुगमनमा कठिनाई ।
- प्रतिकुल मौसमका कारण केही कार्यक्रम प्रभावित भएका ।
- सामग्री ढुवानीमा समय र लागत बढी लागेको ।
- केही लाभग्राही बाट आवश्यक कागजात समयमै प्राप्त गर्न कठिनाई भएको ।

## समस्या समाधानका प्रयास

- नियमीत स्थालगत अनुगमन गरियको ।
- लाभग्राहीसँग जिरन्तर समन्वय गरिएको ।
- आवश्यक प्राविधिक परामर्श प्रदान गरिएको ।
- कार्यतालिका बनाई कार्यक्रम समयमै सम्पन्न गर्ने प्रयास गरिएको ।

# आगमी कार्ययोजना

- बाकी कार्यक्रम निर्धारित समयभित्र सम्पन्न गर्ने ।
- सम्पन्न कार्यक्रमहरुको प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- लाभग्राहीलाई निरन्तर प्राविधिक सहयोग उपलब्ध गराउने ।
- आगामी बर्षका कार्यक्रमलाई अझ प्रभावकारी पारदर्शी र परिणाममुखी बनाउने ।

## निष्कर्ष

- कृषि सेवा शाखा बाट सञ्चालन गरिएका अनुदानमुखी कार्यक्रमहरुले किसानको उत्पान उत्पादकत्व र आयआर्जनमा सकारात्मक प्रभाव पारेको छन् । कार्यक्रममा केही चुनौती भए पनि सम्बन्धित पक्षहरुको समन्वय र प्रतिक्रियताका कारण अधिकांश कार्यक्रम सफलतापूर्वक सम्पन्न भएका छन् । आगामी दिनमा अनुगमन प्राविधिक सेवा र लाभग्राहीको सहभागितालाई अझ सुद्ढ बनाई कार्यक्रमको प्रभावकारिता थप वृद्धि गरिनेछ ।

## कार्यक्रम सम्पन्न भएका केही तस्विरहरु

**अगुवा किसान कृषि सहायता कार्यक्रम अन्तर्गत कृषक पुरस्कृत**











# फलफूल विरुवा वितरण कार्यक्रम पोलो व्याग नर्सरी मल कार्यक्रम












# ट्याक्टर खरिद तथा वितरण कार्यक्रम












# काभरी किवि थाक्रा व्यवस्थापन कार्यक्रम











# अकबरे खूर्सानी खेती (महिला सिप एवम् आई आर्जन कार्यक्रम)







# अलैची खेती (उद्यमशीलता कार्यक्रम निरन्तरता )

